# हामी कहाँ उपलब्ध सेवाहरु

## बचत तर्फ

- समुह बचत
- ब्यक्तिगत बचत
- नियमित बचत
- शिक्षा बचत
- बृद्ध बचत
- खुत्रुके बचत
- आवधिक बचत

## कर्जा तर्फ

- शैक्षिक ऋण
- तरकारी खेती ऋण
- भेडाबाखा पालन ऋण
- ब्यापार व्यवसाय ऋण
- भैसीपालन ऋण
- कुखुरापालन ऋण
- बंगुरपालन ऋण
- धानखेती ऋण
- मौरीपालन ऋण
- औषधि उपचार ऋण


**साथै सम्पूर्ण रेमिट सुविधाहरु उपलब्ध छ ।**

IME International Money Express
City Express Money Transfer
ज्योति रेमिट Jyoti Remit • Instant • Reliable • Anywhere
Prabhu Money Transfer
SAMSARA MONEY TRANSFER

- विधुत महशुल भूक्तानी तथा प्लेन टिकट बुकिङ, • उन्नत नश्लका बंगुरका पाठापाठी, • स्थानीय कुखुरा, • माछा,
- खाद्यान्न तथा तरकारी बीउ विजन तथा रासायनिक मलको विक्रि वितरण सेवा पनि उपलब्ध छ ।


**गुरबाबा बहुउद्देश्यीय सहकारी संस्था लि.**
Gurababa Multipurpose Co-operative Organization Ltd.
दंगीशरण गाउँपालिका वडा नं. ३ रावतगाउँ, दाङ
Email : gurababasahakari@gmail.com
Website:www.gmc.coop.np
फोन न: ९८४८०३४७२६, ९८४४९३३२०१,९८४९२१४०२५

मुद्रणः बागेश्वरी प्रिन्टर्स वि.पी. चौक तुलसीपुर, दाङ मो. ९८४७८२८३१४




# १०औं वार्षिक प्रतिवेदन २०७८/०७९

**गुरबाबा बहुउद्देश्यीय सहकारी संस्था लि.**
**Gurababa Multipurpose Co-operative Organization Ltd.**
दंगीशरण गाउँपालिका वडा नं. ३ रावतगाउँ, दाङ



१०औं

# वार्षिक प्रतिवेदन

२०७८/०७९

## गुरबाबा बहुउद्देश्यीय सहकारी संस्था लि.

Gurababa Multipurpose Co-operative Organization Ltd.

दंगीशरण गाउँपालिका वडा नं. ३ रावतगाउँ, दाङ

# संस्थापक सदस्य विवरण




| क्र.स. | सदस्यको नाम | ठेगाना | क्र.स. | सदस्यको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १ | सुकदेव चौधरी | दंगीशरण-३ चखौरा | १७ | सर्वित कुमार चौधरी | दंगीशरण-३ रावतगाउँ |
| २ | रविन्द्र कुमार चौधरी | दंगीशरण-३ चखौरा | १८ | शंकर चौधरी | दंगीशरण-३ रावतगाउँ |
| ३ | महेन्द्र चौधरी | दंगीशरण-३ रावतगाउँ | १९ | गोविन्द चौधरी | दंगीशरण-३ रावतगाउँ |
| ४ | सम्पूर्णा कुमारी चौधरी | दंगीशरण-३ रावतगाउँ | २० | झग्गु चौधरी | दंगीशरण-३ रावतगाउँ |
| ५ | भिखुवा चौधरी | दंगीशरण-३ रावतगाउँ | २१ | खुशीराम चौधरी | दंगीशरण-३ रावतगाउँ |
| ६ | गौरीशंकर चौधरी | दंगीशरण-३ रावतगाउँ | २२ | मनिराम चौधरी | दंगीशरण-३ रावतगाउँ |
| ७ | कृष्ण थारु | दंगीशरण-३ चखौरा | २३ | देवेन्द्र चौधरी | दंगीशरण-३ रावतगाउँ |
| ८ | जुलाफी चौधरी | दंगीशरण-३ चखौरा | २४ | चामुलाल चौधरी | दंगीशरण-३ रावतगाउँ |
| ९ | धनकुमारी चौधरी | दंगीशरण-५ मिरौली | २५ | बालुराम चौधरी | दंगीशरण-३ रावतगाउँ |
| १० | कांसीराम चौधरी | दंगीशरण-३ चखौरा | २६ | तक बहादुर चौधरी | दंगीशरण-३ रावतगाउँ |
| ११ | कर्मेल चौधरी | दंगीशरण-३ चखौरा | २७ | बिरबल चौधरी | दंगीशरण-३ चखौरा |
| १२ | ऋषेश्वर चौधरी | दंगीशरण-३ चखौरा | २८ | कुलबहादुर चौधरी | तु.उ.म.न.पा. १५ डुरुवा |
| १३ | पारस चौधरी | दंगीशरण-३ चखौरा | २९ | सुजाता चौधरी | दंगीशरण-३ रावतगाउँ |
| १४ | रुपलाल थारु | दंगीशरण-३ चखौरा | ३० | मोती चौधरी | दंगीशरण-३ रावतगाउँ |
| १५ | मरिचमान चौधरी | दंगीशरण-३ चखौरा | ३१ | छोटीराम चौधरी | दंगीशरण-३ चखौरा |
| १६ | बुद्धिराम चौधरी | दंगीशरण-३ रावतगाउँ | ३२ | सीता चौधरी | दंगीशरण-३ रावतगाउँ |

जि. प्र.का, दाङमा दर्ता नं ६४६/२०६४ मितिः २०७९/०९/१२

# दिगो उत्थान नागरिक समाज (सुस) नेपाल

तुलसीपुर दाङ

## शुभकामना

गुरबाबा बहुउद्देश्यीय सहकारी संस्था लि. दंगीशरण ३ रावतगाउँ दाङले आफ्नो संस्थाको १०औं वार्षिक साधारणसभा सम्पन्न गर्न लागेको अवसरमा म यस सहकारीलाई धन्यवाद तथा सफलताका शुभकामना दिन चाहन्छु ।

यो सहकारी स्थापना हुनु अगाडि यसका शेयर सदस्यहरूलाई दिगो उत्थान नागरिक समाज (सुस)ले विभिन्न समुहहरू बनाई सचेतना र आयआर्जन सम्बन्धि क्रियाकलापहरू सञ्चालन गर्नमा सहयोग गरेको थियो जुन आज त्यहि समुहका सदस्यहरूको नेतृत्वमौ जिल्लामा नमुना सहकारी बनाउन सफल भएकोमा म साह्रै खुसी भएको छु । यो सहकारी मूल्य, मान्यता र सिद्धान्तको अधिकतम पालना गर्दै अगाडी बढिरहेको मैले महसुस गरेको छु । यो सहकारीले सदस्य केन्द्रित कारोबार र व्यवसायी बनाउनमा ठूलो योगदान गर्दै आईरहेको मैले अनुभति गरेको छु । आगामी दिनमा यस सहकारीले आफ्नो सदस्यहरूको क्षमता अभिवृद्धि गर्दै गुणात्मक विकास हाँसिल गर्नमा सफल र सक्षम रहोस् भन्ने म सुस संस्थाको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

महेन्द्र चौधरी
अध्यक्ष
दिगो उत्थान नागरिक समाज (सुस) नेपाल

# वि स य सू चि


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | सहकारीको ऐतिहासिक पृष्ठभूमी | १ |
| २. | संस्थागत संरचना | ३ |
| ३. | साधारणसभाको सूचना | ४ |
| ४. | सञ्चालक समितीको वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९ तथा आ.व. २०७९/०८० को प्रस्तावित कार्यक्रमको लक्ष्य र रणनिति: | ६-१८ |
| | १. आर्थिक विकास | ६ |
| | २. सदस्यको सेवा तथा क्षमता विकास | ७ |
| | ३. संस्थागत व्यवस्थापन तथा सुदृढिकरण | १३ |
| | ४. नेतृत्व विकास | १५ |
| ५. | आ.व. २०७९/०८० को प्रस्तावित आय व्यय प्रतिवेदन | १९ |
| ६. | लेखा सुपरिवेक्षण समितीको प्रतिवेदन | २५ |
| ७. | स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन | २७ |
| ८. | सहकारी संस्थाको स्थापना देखि हालसम्म तथ्याङकमा आधारित प्रगतिको अवस्था | ४९-६६ |
| | क. स्थानीय तह अनुसार सदस्य विवरण | |
| | ख. शेयर सदस्य संख्या विस्तार | |
| | ग. निक्षेप संकलन | |
| | घ. शेयरपूँजी | |
| | ङ. शेयर लाभांश | |
| | च. ऋण लगानी | |
| | छ. नाफा विवरण | |
| | ज. स्थिर सम्पति | |
| | झ.कर्मचारी विवरण | |
| | ञ.रासायनिक मल कारोवार | |
| | ट.संस्थामा आवद्ध समुह विवरण | |
| | ठ. आ.व. २०७८/०७९ अबधि वाहेक साझेदारीमा सञ्चालित कार्यक्रम विवरण | |
| | ड. उत्कृष्ट सफल व्यवसायीहरूको कथा | |
| ९. | संस्थाका कर्मचारीहरुको वैयक्तिक विवरण (प्रोफाइल) | ६७ |
| १०. | प्रथम पञ्चवर्षीय रणनितिक योजनामा समेटिएका सपनाका परियोजनाहरू | ७० |
| ११. | ऋण लिदा आवश्यक पर्ने कागजात तथा प्रकिया बारे जानकारी | ७१ |
| १२. | विभिन्न सरकारी तथा गैर सरकारी संस्थाका व्यक्तिहरुले सहकारीलाई दिएको सल्लाह सुझाव: | ७३ |
| १३. | सहकारीद्वारा सञ्चालित विभिन्न गतिविधिहरूको फोटो झलक | ७४ |

# १. सहकारीको ऐतिहासिक पृष्ठभूमी

ग्रामीण समुदायमा बचत तथा ऋण, वातावरणमैत्री व्यवसायिक कृषि, पशुपालन लगायत विभिन्न आयआर्जका क्रियाकलापहरु र क्षमता विकास गर्ने वातावरणको सिर्जना गरि दिगो आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउनुको साथै तत्कालिन समयमा स-साना कामको लागि पनि साहु महाजनहरुसँग महंगो व्याजमा ऋण लिन बाट छुटकारा दिलाउने, किसानहरुलाई सहजै रासायनिक मल र वीउ बिजन उपलब्ध गराउने उद्देश्यका साथ चखौरा र रावतगाउँका ३२ जना थारुहरुको अगुवाइमा १४ अषाढ २०७० सालका दिन अध्यक्ष श्री सुकदेव चौधरी र सचिब श्री महेन्द्र चौधरीको नेतृत्वमा  गुरबाबा कृषि सहकारी संस्था लि.को दर्ता डिभिजन सहकारी कार्यालयमा गरियो जसको कार्यक्षेत्र साविक हेकली गा.वि.स रहने गरि रावतगाउँमा कार्यालय स्थापना गरियो । स्थापना पश्चात कार्यालय सञ्चालन तथा व्यवस्थापन गर्नका लागि श्री बालु राम चौधरी (व्यवस्थापक) को नेतृत्वमा सुजाता चौधरी र देवेन्द्र चौधरी को टोलीले ३ बर्ष सम्म स्वयम् सेवकको रूपमा संस्थापक सदस्य सम्पूर्णा कुमारी चौधरी को घरको एक कोठा निशुल्क रूपमा प्रयोग गर्दै कार्यालय स्थापना गरि महिला, पुरुष र युवायुवटीहरूलाई समुह मार्फत संगठित गर्दै मासिक बचत, सामाजिक सेवा, सचेतना जस्ता क्रियाकलापहरू सञ्चालन गरियो । शूरुवाती चरणमा धेरै नै समस्याहरूको सामना गर्नु परे तापनि निरन्तर प्रयास र धैर्यताले समुदाय र शेयर सदस्यहरुको संस्था प्रतिको विश्वास हुनुको साथ साथै सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको समन्वय र सहकार्यले आज जिल्लामा एक नमुना योग्य गुरबाबा बहुउद्देश्यीय सहकारी सस्था लि. को रूपमा चिनिएको छ।

**सहकारीको संक्षिप्त परिचय**

१) **संस्थाको नाम** : गुरबाबा बहुउद्देश्यीय सहकारी संस्था लि.
२) **स्थापना** : १४ असार २०७०
३) **डि.स.का. दाङमा दर्ता नं:** : ८६८/०६९/०७०
४) **स्थायी लेखा नं** : ३०५७९६५४७
५) Email : gurababasahakari@gmail.com
६) Wibesite : www.gmc.coop.np
७) **आवद्धता**
राष्ट्रिय सहकारी बैंक लि., काठमान्डौं
जिल्ला सहकारी संघ, घोराही, दाङ
८) **सदस्य संख्या** : ६००५ जना (महिला ५१३२ जना, पुरुष : ८७३ जना)
९) **कार्यालय** : आफ्नै भवन, जग्गा : १८ कठ्ठा

१०) **कार्यक्षेत्र** : दंगीशरण गा.पा, शान्तीनगर गा.पा, बबई गा.पा. र तुल्सीपुर उप-महानगरपालिका




११) **सहकारीको कार्यक्रमका क्षेत्र**

क) आर्थिक विकास

ख) सदस्यको सेवा तथा क्षमता विकास

ग) संस्थागत ब्यवस्थापन तथा सुदृढिकरण

घ) नेतृत्व विकास

११) **सहकारीको लक्ष्य** (Goal) :

दिगो आर्थिक, सामाजिक, र बातावरणिय विकासको माध्यम बाट समुदायलाई सशक्तिकरण गर्ने ।

१२) **सहकारीको ध्यये** (Mission) : साना तथा मझौला कृषक र पछाडि परेका समुदायको बचत तथा ऋण, उन्नत वातावरणमैत्री खेती पद्धति र आयआर्जनका गतिविधिहरूबाट आर्थिक स्तर उकास्ने ।

१३) **सहकारीको परिकल्पना** (Vision) : दिगो आर्थिक, सामाजिक र वातावरणीय विकासको सिर्जना

१४) **सहकारीको उद्देश्यहरू** (Objectives) :

क) सदस्यहरुको सांगठनिक भावनाको विकास गरि आर्थिक, सामाजिक तथा वातावरणीय विकास गर्नुको साथै उनीहरुको जीवन स्तर उठाउने खालको कार्यहरु गर्ने ।

ख) सहकारी संस्थाका सदस्यहरुको माग अनुसार कृषि, पशु, वन तथा वातावरण, बचत तथा ऋण, नबिकरणीय उर्जा र जडिबुटी जस्ता क्षेत्रहरुमा काम गर्ने ।

ग) सदस्यहरुको क्षमता अभिबृद्धिको निमित्त आवश्यक पर्ने सिप विकास र क्षमता विकास तालिम लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन अवलोकन भ्रमणको व्यवस्था गर्ने ।

घ) दुग्ध जन्य, कृषि जन्य, मासु जन्य र जडीबुटी जन्य बस्तुहरुको उत्पादन, संकलन तथा बिक्री वितरणको क्षेत्रमा काम गर्ने ।

ङ) घरेलु तथा साना एवम् मझौला खालका उद्योगधन्दाहरू सञ्चालन गर्ने ।

च) संस्थागत विकासको लागि विभिन्न आयमुलक, व्यवसायमुलक तथा क्षमता विकासका कामहरू सञ्चालन गरि दिगो विकासका कामहरु गर्ने ।

छ) सेवा क्षेत्रहरु बिस्तार गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय बैंक तथा वित्तीय संघ संस्थाहरूबाट सहयोग, अनुदान तथा ऋण लिने कार्य गर्ने ।

ज) सदस्यहरुको माग र आवश्यकतालाई मध्य नजर गरि आवश्यकता अनुसार सम्बन्धित निकायहरुबाट अनुमति लिई सेवा केन्द्रहरु खोली कार्यक्रम सञ्चालन गर्ने ।

झ) बीउ बिजन, रासायनिक तथा प्राङगारिक मल, कृषि यन्त्र तथा उपकरण लगायत किटनाशक औषधिहरुको व्यवस्था गर्नुको साथै बिक्री वितरण गर्ने ।

ञ) परम्परागत सीपहरुको जगेर्ना गर्नुको साथै उक्त सीपहरुको आधुनिकीकरण गरि घरेलु तथा कुटीर उद्योगको विकासको लागि आबश्यक काम गर्ने ।

१५) **प्रथम पञ्चवर्षीय रणनितिक योजना** : संस्थाले संस्थागत गतिविधिहरुलाई एकिकृत र योजनाबद्ध तरिकाले मार्गदर्शन गर्नका लागि प्रथम पञ्चवर्षीय रणनितिक योजना आ.व. २०७७/७८ देखि आ.व.२०८१/०८२ तयार गरि लागु भैरहेको छ ।

**प्रथम पञ्चवर्षीय रणनितिक योजनाका रणनैतिक खम्बाहरू**

**मूख्य खम्बा** : आर्थिक, सामाजिक र वातावरणिय विकास


**सहायक खम्वाहरू** : मानव स्रोत विकास तथा व्यवस्थापन, संस्थागत विकास तथा व्यवस्थापन, पूर्वाधार विकास र उचित व्यवस्थापन, सूचना तथा सञ्चार प्रणाली विकास तथा व्यवस्थापन, राष्ट्रिय अर्न्तराष्ट्रिय समन्ध तथा सहकार्य, नीतिनियम पालन तथा सुशासन, सामाजिक उत्तरदायित्व

**मूख्य मूल्यमान्यता** : प्रतिबद्धता, जिम्मेवारी, प्रभावकारीता, जवाफदेहिता, पारदर्शिता, सामुहिक आत्मसात, कुशल व्यवसायी तथा आत्मनिर्भर, समावेशी, समतामूलक, दूरदर्शिता

**ऋण लगानी क्षेत्रहरू** :

- कृषि तथा पशुपालन
- व्यापार व्यवसाय
- शैक्षिक कार्यक्रम
- औषधि उपचार

## २. संस्थागत संरचना



## ३. साधारणसभाको सूचना

प.सं मिति : २०७९।०८।१८

च.न.

### १०औं वार्षिक साधारणसभाको सूचना

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०७४ को दफा ४० को उपदफा ५ वमोजिम यस संस्थाको १०औं वार्षिक साधारणसभा आयोजन गर्ने सम्बन्धमा सञ्चालक समितिको मिति २०७९।०८।१५ गतेको बैठकको निर्णय अनुसार तपसिल वमोजिमको १०औं वार्षिक साधारणसभा आयोजना गरिने जसमा संस्थाको सम्पूर्ण कार्यक्षेत्रलाई ४ इकाईमा विभाजन गरि तपसिल वमोजिमको मिति, समय, र स्थानमा निम्न अनुसारको प्रकृया अबलम्बन गरि साधारणसभा सम्पन्न गर्ने निर्णय भएको सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रतिनिधि छनौट** (**विस्तारित मञ्च भेला**) **सम्बन्धि प्रक्रियाहरू तथा जानकारी :**

| क्र.स. | इकाई साधारण सभा नं | इकाई साधारण सभा हुने स्थान | इकाई साधारण सभा हुने समय र मिति | केन्द्रिय साधारण सभामा अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि छनौट गनुपर्ने प्रतिनिधि संख्या | उपस्थिति खुल्ला तथा छलफलको विषयबस्तु वितरण | | उपस्थिति तथा छलफलको विषयबस्तु वितरण हुने स्थान | सुझाव प्रदान गर्ने स्थान र मिति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | | मिति | स्थान |
| १ | १ | काँसीपुर | विहान १०:०० बजे पौष ५ गते | २८ | मंसिर २० | पौष ५ | कार्यालय तथा सम्बन्धि फिल्ड कर्मचारीहरु | पौष ५ सम्म | कार्यालय तथा सम्बन्धि फिल्ड कर्मचारीहरु |
| २ | २ | सुकौरा | विहान १०:०० बजे पौष ७ गते | २५ | मंसिर २० | पौष ७ | | पौष ७ सम्म | |
| ३ | ३ | रावतगाउँ | विहान १०:०० बजे पौष ९ गते | ३८ | मंसिर २० | पौष ९ | | पौष ९ सम्म | |
| ४ | ४ | कोठरी | विहान १०:०० बजे पौष १० गते | १० | मंसिर २० | पौष १० | | पौष १० सम्म | |

**प्रक्रिया**

१) साधारण सभा प्रतिवेदन केन्द्रिय साधारण सभा सम्ममा प्रत्येक समुहमा कम्तिमा १ वटा वितरण गरिने छ।

२) साधारण सभाको उपस्थिति पुस्तिकामा हस्ताक्षरका लागि मंसीर २० देखि पौष ५ सम्म १५ दिनका लागि खुल्ला गरिने छ।

३) इकाई साधारण सभामा प्रत्येक समुहबाट कम्तिमा एक जना प्रतिनिधि हुनुपर्नेछ।

४) केन्द्रिय साधारण सभाका लागि इकाई साधारण सभामा प्रत्येक गाउँबाट कम्तिमा एक जना वा ५ वटा भन्दा बढि समुह भएको गाउँ बाट २ जना प्रतिनिधि छनौट गरिनेछ।

५) सबै क्रियासिल सदस्यहरु केन्द्रिय साधारण सभामा सहभागी हुन सकिनेछ।

६) सदस्यबाट प्राप्त सुझावलाई लिखित रुपमा लिईनेछ र उपयुक्त सुझावलाई केन्द्रिय साधारणसभामा छलफल गरि सस्थालाई हित हुने सुझावलाई अन्तिम निर्णयमा समेटिनेछ।

७) साधारणसभामा भाग लिन आउने प्रतिनिधिले यातायात खर्च स्वयम् आफैले व्यबस्था गर्नुपर्नेछ।

**केन्द्रिय साधारणसभा (इकाई प्रतिनिधिहरुको सभा तथा अन्तिम निर्णय प्रमाणिकरण कार्यक्रम) सम्बन्धि जानकारी :**

**मिति** : २०७९ साल पौष १६ गते शनिबार **समय** : विहान ७ बजे देखि

**स्थान** : गोल्डेन पाथ एकेडेमी विद्यालय, दंगीशरण ३ रावतगाउँ दाङको प्राङ्गन

**साधारण सभाका मुख्य छलफलका विषयहरु :**

१) आ.व. २०७८/०७९ को संस्था र लेखा समितिको बार्षिक प्रगती प्रतिवेदन प्रस्तुत र छलफल गरि पारित गर्ने।

२) आ.व. २०७८/०७९ को लेखा परिक्षण प्रतिवेदनमा छलफल तथा पारित गर्ने।

३) आ.व. २०७९/०८० को प्रस्तावित बार्षिक कार्यक्रम, योजना तथा बजेट स्वीकृती गर्ने।

४) आन्तरिक कार्यविधि, निर्देशिका लगायत आवश्यक परिपत्र पारित गर्ने।

५) लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने।

६) शेयर लाभांश पारित गर्ने।

७) विविध।

**सुकदेव चौधरी**
**अध्यक्ष**

# ४. सञ्चालक समितीको वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९ तथा आ.व. २०७९/०८० को प्रस्तावित कार्यक्रमको लक्ष्य र रणनिति:

श्रीमान् साधारणसभाका प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथी ज्यूहरु, विभिन्न सरकारी एवम् गैर सरकारी कार्यालयबाट पाल्नु भएका प्रमुख एवम् प्रतिनीधी ज्यूहरु, गुरबाबा बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालक समितीका पदाधिकारी ज्यूहरु, संस्थापक सदस्य ज्यूहरु, शेयर सदस्य ज्यूहरु, विभिन्न समुहबाट पाल्नु भएका अध्यक्ष एवम् सदस्य ज्यूहरु, विभिन्न बचत कर्ता सदस्य ज्यूहरु, सञ्चारकर्मी ज्यूहरु लगायत सम्पूर्ण उपस्थित दाजुभाइ, दिदीबहिनीहरु हाम्रो निमन्त्रणालाई स्वीकार गरि आफ्नो कामलाई थाँती राखी गुरबाबा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको १०औं वार्षिक साधारणसभालाई सफल बनाउनको लागि उपस्थित हुनु भएकोमा यहाँहरुलाई धन्यवाद तथा स्वागत गर्न चाहन्छु ।

यस सम्मानीत सभामा म सञ्चालक समितीको तर्फ बाट संस्थाको आ.व. २०७८/०७९ को साथै २९ मंसीर २०७९ साल सम्मको कार्यक्रमको प्रगति तथा भावी कार्यक्रमहरु यहाँहरुलाई अवगत गराउन पाउँदा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

## १. आर्थिक विकास

### क) वित्तिय अवस्था

सहकारी सस्था अवस्था थाहा पाउनका लागि त्यस सस्थाको वित्तिय अवस्था हेरेर राम्रो वा नराम्रो छुट्याउन सकिन्छ । खास गरेर सम्पती, शेयपूँजी, जगेडाकोष, निक्षेप, लगानी, स्थिर सम्पती, आम्दानी, खर्च र नाफा आदि वित्तिय पक्षहरुको अवस्थाहरुमा राम्रो बनाउनु पर्ने हुन्छ । यस सहकारीको वित्तिय अवस्थाको बृद्धि वा घाटा देहायको तालिकाबाट हेर्न सकिन्छ ।

| शिर्षक | सूचकाङ्क | २०७७/०७८ | २०७८/०७९ | बृद्धि (घटी) | |
|---|---|---|---|---|---|
| | | | | बृद्धि रकम रु. | प्रतिशतमा |
| कुल सम्पती | रु. | ४,१७,३६,३१९ | ६,०४,८६,२७६ | १,८७,४९,९५७ | ४५ |
| चुक्ता शेयरपूँजी | रु. | १६,८८,६०० | १८,३३,३०० | १,४४,७०० | ९ |
| जगेडाकोष | रु. | ३३,२७,४७७ | ४५,११,४२३ | ११,८३,९४६ | ३६ |
| निक्षेप हिसाव | रु. | ३,३४,९०,४९६ | ४,७९,२३,२८३ | १,४४,३२,७८७ | ४३ |
| ऋण लगानी हिसाव | रु. | २,१७,८३,४६४ | ४,४५,७८,२५७ | २,२७,९४,७९३ | १०५ |
| स्थिर सम्पती हिसाव | रु. | ५५,१५,५१३ | ५३,८२,९६० | (१,३२,५५२) | (२) |
| कुल आम्दानी | रु. | ९७,०२,५०५ | १,१८,६७,५१९ | २१,६५,०१४ | २२ |
| कूल सञ्चालन खर्च | रु. | ९१,३०,१५१ | ९८,२१,६१० | ६,९१,४५८ | ८ |
| नाफा | रु. | ५,७२,३५४ | २१,९८,४६१ | १६,२६,१०८ | २८४ |
| मल कारोवार | रु. | ४३,४१,१०८ | ३४,५८,३९२ | (८,८२,७१६) | (२०) |
| वीउ विजन कारोवार | रु. | ९५,३१,५५० | १,०३,४९,१२५ | ८,१७,५७५ | ९ |

### ख) नाफा बाँडफाँड

आ.व. २०७८/०७९ मा संस्थाको कर पश्चात १७ लाख ३१ हजार ६५३ रुपैयाँ ५० पैसा खुद नाफा भएकोमा सहकारी ऐन २०७४ को दफा ६८ वमोजिम खुद नाफाको २५ प्रतिशत अर्थात ४ लाख ३२ हजार

९१३ रुपैयाँ ३८ पैसा जगेडा कोषमा छुट्याइएको छ। जगेडा कोष विभाजन पश्चात बाँकि रहेको रकमलाई १०० प्रतिशत मानी सहकारी ऐनको दफा ६९ वमोजिम संरक्षित पूँजी फिर्ता कोषमा २५ प्रतिशत अर्थात ३ लाख २४ हजार ६८५ रुपैया ३ पैसा छुट्याईएको छ। यसैगरी सोहि ऐनको दफा ७० वमोजिम सहकारी प्रबर्द्धन कोषमा ०.५ प्रतिशत अर्थात ६ हजार ४९३ रुपैया ७० पैसा छुट्याईएको छ। सहकारी नियमावली २०७५ को नियम २७ मा गरीएको व्यवस्था अनुरुप खुद मुनाफाबाट जगेडा कोष, संरक्षित पूँजीकोष, सहकारी प्रबर्द्धन कोष छुट्याई बाँकि रहेको शेष रकम ९ लाख ६७ हजार ५६१ रुपैयाँ ३९ पैसालाई शत प्रतिशत मानि अन्य कोषहरु अन्तरगत शेयर लाभांश कोषमा ४५ प्रतिशतका दरले ४ लाख ३५ हजार ४०२ रुपैयाँ ६३ पैसा, कर्मचारी बोनस कोषमा १० प्रतिशतका दरले ९६ हजार ७५६ रुपैयाँ १४ पैसा, घाटापूर्ती कोषमा ५ प्रतिशतका दरले ४८ हजार ३७८ रुपैयाँ ७ पैसा, सहकारी शिक्षा कोषमा १० प्रतिशतका दरले ९६ हजार ७५६ रुपैयाँ १४ पैसा, सहकारी विकास कोषमा १० प्रतिशतका दरले ९६ हजार ७५६ रुपैयाँ १४ पैसा, सामुदायिक विकास कोषमा ५ प्रतिशतका दरले ४८ हजार ३७८ रुपैयाँ ७ पैसा, स्थिरिकरण कोषमा ५ प्रतिशतका दरले ४८ हजार ३७८ रुपैयाँ ७ पैसा र जोखिम व्यवस्थापन कोषमा १० प्रतिशतका दरले ९६ हजार ७५६ रुपैयाँ १४ पैसा नाफा बाँडफाँड गरिएको छ।

संस्थामा कार्यरत कर्मचारीहरुलाई कर्मचारी बोनस र शेयर सदस्यहरुलाई शेयर लाभांश वितरण सहकारी ऐन २०७४ र गुरबाबा सहकारीको विनियमको अधिनमा रहि वितरण गर्ने प्रस्ताव गरिएको छ।

## २. सदस्यको सेवा तथा क्षमता विकास

### क) शिक्षा कार्यक्रम

१. **विद्यालय सञ्चालन** : संस्थाले आफ्ना सदस्यहरुको साथै ग्रामीण समुदायका बालबालिकाहरुलाई सहुलियत दरमा व्यवहारिक र गुणस्तरिय शिक्षा प्रदान गर्ने उद्देश्यले शैक्षिक सत्र २०७२ देखि आफ्नै



लगानीमा दंगीशरण गाउँपालिका-३, रावतगाउँ, दाङमा गोल्डेन पाथ एकेडेमी विद्यालय सञ्चालन गरेको छ। गुणस्तरिय शिक्षा आजको आवश्यकता, सक्षम जनशक्ति गोल्डेन पाथको प्रतिवद्धता भन्ने दृष्टिका साथ यस विद्यालयले स्थापना काल देखि व्यवहारिक तथा गणुस्तरिय शिक्षा प्रदान गर्न सहकारी सदस्यहरु र समुदायसँग मिलेर विभिन्न शैक्षिक कृयाकलापहरु पनि सञ्चालन गर्दै आईरहेको छ। सुरुमा कक्षा नर्सरी देखि कक्षा १ सम्म स्वीकृत प्राप्त गरेको विद्यालयले हाल सम्म कक्षा ७ सम्म सञ्चालन भैरहेको छ। अहिले यस बिद्यालयमा १५२ जम्मा विद्यार्थीहरु (७४ छात्र, ७८ छात्रा) अध्ययनरत छन् भने १० जना शिक्षक शिक्षिकाहरु कार्यरत रहेका छन्। भविष्यमा कक्षा १२ सम्म साधारण र प्राविधिक धारमा पठनपाठन गर्ने योजना रहेको छ। विशेषगरी तल्लो तह कक्षा नर्सरी देखि

कक्षा ३ सम्म बहुभाषामा पठनपाठन गरिदै आईरहेको छ। हालसम्म यस विद्यालयमा १ करोड ८० लाख रुपैयाँ लगानी भई सकेको छ भने शैक्षिक तथा भौतिक पूर्वाधार विकास गर्नको लागि डेनमार्क देशको प्रोफेसर श्री फेमिङ टपसो को पनि २०७५ साल देखि निरन्तर सहयोग भैईरहेको छ।

२. **शैक्षिक अवलोकन भ्रमण** : विद्यालयमा गुणस्तरिय तथा व्यवहारिक पठनपाठन गराउनका लागि सहकारीले समय समयमा शिक्षक शिक्षिका, बिद्यालय व्यवस्थापन समिति र सहकारी पदाधिकारीहरुलाई शैक्षिक अवलोकन भ्रमण गराउने गर्दछ। मातृभाषामा आधारित वहुभाषिक शिक्षण र बालमैत्री शिक्षण सिकाई पद्धति लागु गर्ने उद्देश्यले उहाँहरुलाई नेपालका चर्चित विद्यालयहरु लिटल एन्जल विद्यालय हात्तीवन ललितपुर, मोर्डन नेवा अंग्रेजी विद्यालय दरबारमार्ग काठमाण्डौं, सेण्ट जेभीयर्स विद्यालय गोदावरी ललितपुर र लिटील बुद्ध अंग्रेजी विद्यालय ताप्लेजुङमा अवलोकन गर्नुको साथै गुणस्तरीय शिक्षा सम्बन्धि कार्य गर्ने संस्थाहरु ह्युमन प्रयाक्टीस फाउण्डेशन र नेपाल भाषा आयोग, काठमाण्डौं सँग पनि छलफल भएको थियो। भ्रमण पश्चात अहिले विद्यालयमा बहुभाषिक शिक्षण र बालमैत्री शिक्षण सिकाई पद्धतिमा पठनपाठन, परियोजना कार्यमा आधारित शिक्षण, **CCTV** द्वारा शिक्षण क्रियाकलाप अनुगमन तथा पृष्ठपोषण जस्ता क्रियाकलापहरु थालनी भएको छ।

३. **शिक्षण सिकाई तालिम तथा अन्तरक्रिया**: शिक्षण सिकाई प्रभावकारी र गुणस्तरिय बनाउनको लागि सहकारीले बिद्यालयका शिक्षक शिक्षिकाहरु, व्यवस्थापन समित र अभिभावकहरुलाई तालिम सञ्चालन गर्ने गर्दछ। बालमैत्री शिक्षण तथा बहुभाषा सम्बन्धि तालिम तथा अन्तरक्रिया यस बर्ष डेनमार्कको टोलीहरू प्रोफेसर **Flemming Topsoe, Knud Olander,** लेखक द्वयहरु **Mrs. Beata/Mrs. Kirsten,** र **Mr Per Oestergaard** तथा जापानका कोइटो विश्व बिद्यालयका प्रोफेसर **Dr. Tatsuro Phujikura** र पि.एडच.डी बिद्यार्थी **Yoko Miki** ले गराउनु भएको थियो। साथै भर्चुवल माध्यमद्वारा विद्यार्थीहरुलाई अन्तराष्ट्रिय देशका विद्याथीहरुसँग सिकाई आदान प्रदान गर्नका लागि कसरी अन्तरक्रिया गर्न सकिन्छ भन्ने विषयक गोष्ठी गोर्खा बिद्यालय घोराही, दाङका शिक्षक थम्मन बस्नेतले सहजिकरण गर्नु भएको थियो।


**ख) गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्रः**

१) **पशुपालन**






संस्थाले खास गरेर सहकारीको कार्यक्षेत्र दंगीशरण गा.पा, शान्तीनगर गा.पा, बबई गा.पा. र तुलसीपुर उप-महानगरपालिकामा सदस्यहरुले विभिन्न आयआर्जनमूलक व्यवसायहरु गर्नका लागि जस्तै बंगुर पालन, बाख्रापालन, भैसी पालन, कुखुरा पालन, तरकारी खेती, अन्नबाली आदिमा ऋण लगानी तथा अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ। तर पनि ती व्यवसायीहरूबाट उत्पादन भएका बस्तुहरुको सहि रुपमा बजारीकरण र




उचित मूल्य नपाउनु, उन्नत जातका नहुँदा सोचे अनुसारको उत्पादन दिन नसक्नु, पालन सम्बन्धि प्राबिधिक ज्ञान नहुनु जस्ता कारणले सो पेशा प्रति निरुसाहित भएको देखिन्छ । त्यसलाई सम्बोधन गर्नका लागि दाङ्ग जिल्लाको दंगीशरण गाउँपालिका वडा न ३, चखौरामा रहेको गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्र **(Gurababa Livestock and Agriculture Resource Centre- GLARC)** गुरबाबा बहुउद्देश्यीय सहकारी संस्थाद्वारा सञ्चालित एउटा परियोजना हो । जसबाट सदस्यहरु उन्नत नस्लका पाठापाठी र बीउ सहित तालिमहरु प्राप्त गरि सदस्यहरुलाई आफ्नो आर्थिक अबस्था सुधार गर्न टेवा पुऱ्याउने छ । ६ कठ्ठा जग्गा रहेको स्रोतमा एक वटा भवनमा कर्मचारीको बासस्थान, २ वटा ब्लकमा ३० बंगुरपालन, एक ब्लक १०५० स्थानीय कुखरा पालन, एक वटा ब्लक दाना भण्डार र एउटा माछा पोखरीको चारैतिर केराको बोट भएको पोखरीमा करिब ९०० जति माछा पालन गर्दै आईरहको छ। साथै कागती, आँप, लिचि, अना र ड्राइगन आदिको ५० बोट एउटा फलफुल बगैचा पनि रहेको छ। केन्द्रमा प्रत्यक्ष २ जना कर्मचारीहरु कार्यरत रहेका छन् । १५ बैसाख २०७९ देखि सहकारीको आफ्नै करिब ५० लाख लगानीबाट सुरु गरिएको यो स्रोत केन्द्रमा हालसम्म ३ करोड लगानी भई सकेको छ। सो स्रोत केन्द्रमा रहेका पालनहरुलाई रेखदेख र सुरक्षाकाका लागि **CCTV** पनि जडान गरिएको छ। भविष्यमा उन्नत जातका बच्चा तथा बीउ उत्पादन गर्नुका साथै सिकाईको लागि अनुसन्धान केन्द्र बनाउने सोच पनि रहेको छ।

२) **अध्ययन अवलोकन भ्रमण** :

बंगुरपालनलाई व्यवस्थित तथा व्यवसायिक रुपमा पालन गर्नका लागि आवश्यक ज्ञानसिप र क्षमता अभिबृद्धि गर्ने उद्देश्यले गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्रको व्यवस्थापन समितिले नेपाल कृषि अनुसन्धानद्वारा सञ्चालित तरहरा सुनसरी तथा पाख्रीवास धनकुटामा रहेको बंगुर अनुसन्धान केन्द्र लगायत विभिन्न निजी बंगुर फर्महरु चित्रवन बंगुर फर्म, भालुबाङ, पलाउ बंगुर फर्म, लुहाडबरा, र तारा पशुपन्छी पहेल्पारको अवलोकन भ्रमण गरेको थियो । त्यसैगरी बीउ स्रोत केन्द्र, डुरुवा, दाङमा रहेको बीउ उत्पादन र भण्डार अबलोकन अध्ययन पनि गरियो। साथै संस्थाका पदाधिकारीहरु र कर्मचारीहरुको सहकारी सम्बन्धि समग्र विकासमा क्षमता अभिबृद्धि गर्ने उद्देश्यले सुर्खेत जिल्लामा सञ्चालित बौद्ध ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि. र जनहितकारी बचत तथा ऋण सहकारीको पनि भ्रमण गरिएको थियो। सो भ्रमण अध्ययन पश्चात अहिले व्यवस्थित गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्र शुरुवात भएको छ।

ग) **बचत तथा ऋण कार्यक्रम** : सदस्यहरुलाई बचत ऋण कारोवारमा टेवा पुऱ्याउनका लागि संस्थाले बचत तथा ऋण कार्यक्रम सञ्चालन गरेको छ।

१) **बचत कार्यकम** : सहकारीले सदस्यहरुलाई समुह बचत, शिक्षा बचत, नियमित बचत, बृद्ध बचत, खुत्रुके बचत, ब्यक्तिगत बचत र आवधिक बचत शिर्षकहरुमा प्रतिस्पर्धात्मक ब्याज प्रदान गर्दै निक्षेप संकलन गरिरहेको छ। २९ मंसीर २०७९ सम्म मा सहकारीमा ५ करोड ४८ लाख ४३ हजार ९९१ रुपैयाँ वहत्तर पैसा निक्षेप संकलन भएको छ जस्को विस्तृत रूपमा तलको तालिकामा देखाइएको छ।

| क्र.स. | बचत प्रकार | बचत रकम (रू.) |
|---|---|---|
| १ | समूह बचत | ९१,४५,१४०।०० |
| २ | ब्यक्तिगत बचत | १,७४,८४,७२८।७२ |
| ३ | नियमित बचत | ७५,५५,१०९।०० |
| ४ | शिक्षा बचत | ५७,२४,९२४।०० |
| ५ | आवधिक बचत | १,३४,७९,३४२।०० |
| ६ | खूत्रूके बचत | ५,६९,६७०।०० |
| ७ | बृद्ध बचत | ८,८५,०७८।०० |
| | जम्मा | ५,४८,४३,९९१।७२ |

२) **ऋण कार्यकय** : सहकारीले सदस्यहरुको आम्दानी बृद्धि र ब्यबसाय प्रबर्द्धन गर्नुको साथै आर्थिक तथा सामाजिक विकास गर्नका लागि सामुहिक जामानी र जायजेथा धितो राखि ऋण प्रवाह गर्दै आइरहेको छ। मिती २०७९ मंसीर मसान्त सम्ममा तपसिल अनुसार ऋण लगानीमा रहेको छ।

| **क्र.स.** | **लगानीको प्रकार** | **सख्या (जना)** | **रकम (रु.)** |
|---|---|---|---|
| १ | शैक्षिक कर्जा | ८ | २८,११,६५७।०० |
| २ | तरकारी खेती कर्जा | ४२ | ४२,७६,०६६।०० |
| ३ | भेडा बाख्रा पालन कर्जा | २४२ | १,५०,०१,८१२।०० |
| ४ | व्यापार कर्जा | ८६ | ५९,८३,२७६।०० |
| ५ | भैसिपालन कर्जा | ५१ | २६,८७,०७९।०० |
| ६ | कूखूरा पालन कर्जा | १६ | २३,०५,०००।०० |
| ७ | बंगूरपालन कर्जा | २४९ | १,९२,७३,३७६।०० |
| ८ | धान खेती कर्जा | ९ | ५,००,०००।०० |
| ९ | औषधि अपचार कर्जा | २९ | ५,५४,७२८।०० |
| १० | मौरी पालन कर्जा | १ | ३७,५००।०० |
| | **जम्मा** | ७३३ | ५,३४,३०,४९४।०० |

घ) **कार्यक्षेत्र विस्तार**: समुदायको कार्यक्षेत्र विस्तारको मागलाई सम्वोधन गर्दै मिति २०७८ फाल्गुन १८ मा सहकारीको कार्यक्षेत्र तुलसीपुर उपमहानगरपालिकालाई थप विस्तार गर्दै संस्थाको कार्यक्षेत्र दाङ जिल्लाका ४ वटा पालिकाहरु- दंगीशरण, बबई र शान्तिनगर गाउँपालिकाहरु तथा तुलसीपुर उपमहानगरपालिका रहेको छ।

ङ) **परोपकार कोष** : सहकारीमा आबद्ध सदस्यहरुलाई बिपदको बेला तथा सामाजिक उत्तरदायित्व बहन गर्नका लागि केहि राहत होस भनेर संस्थाले आफ्नो सदस्यहरु बिच परोपकार कोष स्थापना गरेको छ। यस कोषको खास मुख्य उद्देश्य सहकारीको सदस्यहरुको असामयिक निधन भयो भने किरीया खर्च राहत वा विपद परेमा राहत, सदस्यहरुको छोराछोरीहरुको शिक्षा दिक्षामा छात्रबृत्ती तथा सम्मान, सुत्केरी आमा तथा बच्चाको लागि पोषण सहयोग, जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने आदि राखि सञ्चालन भैरहेको छ। हाल सम्म उक्त परोपकार राहत कोषमा २ लाख ९० हजार चार सय १७ रुपैयाँ जम्मा हुनुको साथै तपसिलका मृतक सदस्यको परिवार, सुत्केरी सदस्य तथा दैविक प्रकोपमा परेका सदस्यहरुलाई राहत स्वरुप रकम प्रदान गरिसकेको छ।

| क्र.स. | राहत प्रकार | राहत विवरण | संख्या | रकम रु. मा |
|---|---|---|---|---|
| १ | मृत्यु (किरीया खर्च) राहत | प्रति व्यक्ति रु २५०० | ७ | १७,५०० |
| २ | समवेदना छपाई | प्रति व्यक्ति रु ५०० | ७ | ३,५०० |
| ३ | दैविक प्रकोप राहत | प्रति व्यक्ति रु २५०० | १ | २,५०० |
| ४ | सुत्केरी बाल पोषण आहारा | प्रति ब्यक्ति रु ९५० | १७ | १६,१५० |
| | जम्मा | | ३२ | ३९,६५० |

च) **वीउ विजन कारोवार** : सहकारीले विभिन्न किसिमका वीउ विजन जस्तै धान, गहुँ, मकै, तोरी आदि विभिन्न कम्पनीहरुसंग सम्झौता गरि खरिद गरेर सहुलीयत दरमा सदस्यहरु लगायत ग्रामीण समुदायलाई उपलब्ध गराउँदै आईरहेको छ। आ.व. २०७८/०७९ मा विभिन्न हाईब्रीड जातको धानको बीउ १९,७१५ के.जी, मकै बीउ ४,५०० के.जी. र तोरी ३०० के.जी. सहुलिय दरमा व्रिकी वितरण गरियो। त्यसैगरी संस्थाले नेपाल एग्रो सिड्स एण्ड इन्पुट्स कम्पनी र कृषक समुहहरुसंग साझेदारीमा उन्नत जात को तोरी को बीउ ५७५ के.जी. र गहुँ को बीउ १२,७६४ के.जी. उत्पादन गरेको थियो। निकट भविष्यमा सहकारीले आफ्नै बीउ उत्पादन स्रोत केन्द्र स्थापना गर्ने योजना गरेको छ।

छ) **रासायनिक मल विक्री वितरण** : सहकारीले कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङबाट प्राप्त हुने राहतको रासायनिक मल आफुले वितरण गर्न पाउने क्षेत्रमा कसैलाई पक्षपात नरिकन वितरण गर्दै आईरहेको छ। सदस्यहरुको मागको आधारमा राहत कोटा बाहेकको रासायनिक मल सहकारीले आफ्नो कार्यक्षेत्रका सवै आम जनसमुदायलाई सहुलियत दरमा विक्री वितरण गर्दै आइरहेको छ। संस्थाले आ.व. २०७८/०७९ मा कृषि सामाग्री कम्पनी लि., तुलसीपुर, साल्ट ट्रेडिङ कम्पनी लि. घोराही र के गोल्ड कम्पनी मार्फत जम्मा रु ३९,८३,००० रकमको मल कारोवार गरेको थियो ।

ज) **संस्थागत सामाजिक उत्तरदायित्व** : सहकारीले स्थापना काल देखि नै स्वास्थ्य, शिक्षा र समाजिक क्षेत्रमा जनचेतना तथा विकास गर्ने जस्ता कार्यहरु गर्दै आइरहेको छ।-

» सहकारीले **COVID 19** को समयमा जनसमुदायको स्वास्थ्य चेक जाँच र संक्रमणबाट बचाउनका लागि सहकारी र **Financial Aid in Nepal (FAN), Denmark** संस्थाको साझेदारीमा दंगीशरण, शान्तिनगर र बबई गाउँपालिकाहरुमा नेपाल सरकारबाट सञ्चालन गरिएका अस्थायी कारोना अपस्तालहरुमा विरामी वेड, मास्क, सेनिटाइजर, अक्सिमिटर, राहत सामाग्री वितरण लगायत

गाउँगाउँमा जनचेतना फैलाउने कामहरु सञ्चालन गरेको थियो । यो कार्यक्रममा २४ लाख रुपैयाँ खर्च गरिएको थियो ।

» सहकारीले सदस्य लगायत ग्रामीण समुदायका जेहन्दार तथा गरिव विद्यार्थीहरुलाई सरकारी तथा गैर सरकारी राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुले प्रदान गर्ने छात्रवृत्तीमा समाहित हुनका लागि परामर्शको काम गरि रहेको छ ।
» सहकारीले सदस्य लागायत ग्रामीण समुदायका लागि स्वास्थ्य जाँच तथा शिविर सञ्चालन गर्दै आइरहेको छ ।
» सहकारीले माटो परिक्षण शिबिर सञ्चालन गर्दै आईरहेको छ ।
» सहकारीले भाषा, कला, संस्कृतिको संरक्षण तथा प्रबर्द्धन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।
» अनावश्यक फजुल खर्च तथा सामाजिक कुसंस्कार अन्त्य गर्नका लागि विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ ।

झ) **सदस्यको लागि व्यवसाय विकास तालिमः**

सहकारीले बर्षभरीमा १,००० जना सदस्यहरुलाई कृषि तथा पशुपालन, तरकारी खेती, बीउ उत्पादन व्यवसाय विकास तथा प्रवर्द्धन आदि तालिमहरु सञ्चालन गरेको थियो ।

ञ) **पुरस्कार तथा सम्मानः** प्रत्येक बर्ष सहकारीले विभिन्न बचतहरुकर्ता तथा व्यवसायीहरु मध्ये उत्कृष्ट बचतकर्ताहरु र उत्कृष्ट व्यवसायीहरुलाई सम्मान तथा पुरस्कृत गर्दै आईरहेको छ । यस बर्ष तपसिलका व्यक्तिहरुलाई सम्मान गरियो ।

| क्र.सं | बचतकर्ताको नाम | उत्कृष्टका प्रकार | ठेगाना |
|---|---|---|---|
| १ | कमली चौधरी | उत्कृष्ट नियमित बचत | तुलसीपुर उ.म.न.पा. २ वालापुर |
| २ | रजमान चौधरी | उत्कृष्ट व्यक्तिगत बचत | दंगीशरण ३ चखौरा |
| ३ | पुतली चौधरी | उत्कृष्ट खुत्रुके बचत | दंगीशरण ५ कुमलगढी |
| ४ | रामबहादुर डाँगी | उत्कृष्ट आवधिक बचत | दंगीशरण ३ एकली |
| ५ | शुदर्शन खड्का | उत्कृष्ट शिक्षा बचत | दंगीशरण ३ रावतगाउँ |
| ६. | वेली फूला म.स. | उत्कृष्ट समुह बच् | दंगीशरण ४ मोली |
| ७. | होमर के.सी. | उत्कृष्ट व्यवसायी | दंगीशरण ३ एकली |
| ८. | आशी चौधरी | उत्कृष्ट व्यवसायी | दंगीशरण ४ सुकदेवा |

**ट) सहकार्यमा कार्यक्रम सञ्चालन :** सहकारीले स्थापना समय देखि नै विभिन्न सरकारी तथा गैर सरकारी राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायसंग साझेदारीमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। साथै भविष्यमा पनि यसलाई निरन्तरता दिईनेछ। आ.व. २०७८/०७९ मा विभिन्न संघसंस्थाहरुको आर्थिक सहकार्यमा सञ्चालित कार्यक्रम विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं | विवरण | संख्या | बजेट रकम (रुपैयाँमा) | | | साझेदारी संस्था |
|---|---|---|---|---|---|---|
| | | | संस्थाको लागानी | अनुदान | जम्मा | |
| १ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना मकै ब्लक विकास कार्यक्रम | १ | १३,२५,४८५ | ११,६८,७५५ | २४,९४,२४० | कृषि ज्ञान केन्द्र, घोराही, दाङ |
| २ | विउ आत्म निर्भर कार्यक्रम | १ | ७८,७,२३७ | ६,९८,८६३ | १४,८६,१०० | कृषि ज्ञान केन्द्र, घोराही, दाङ |
| ३ | विउ आत्म निर्भर कार्यक्रम पुरक कोष सहयोग | १ | | ४७,००० | ४७,००० | दंगीशरण गा.पा. कृषि शाखा |
| ४ | गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्र | १ | | १,६७,४४८ | १,६७,४४८ | दगीशरण गा.पा. ३ नं वडा कार्यालय |
| ५ | शैक्षिक सम्मेलन | १ | | ३,५२,६३४ | ३,५२,६३४ | **Professor Flemming Topsoe** |
| ६ | स्कूल तेस्रो तला थप | १ | २,००,००० | २१,११,००० | २३,११,००० | **Professor Flemming Topsoe** |
| | **जम्मा** | | २३,१२,७२२ | ४५,४५,७०० | ६८,५८,४२२ | |

## ३. संस्थागत व्यवस्थापन तथा सुदृढिकरण

**क) सूचना प्रविधि तथा सफ्टवेयर :**

हाल संस्थाले **COPAS** सफ्टवेयर प्रयोग गरि वित्तीय कारोवारलाई व्यवस्थित तथा हिसाब किताबलाई सुस्त दुरुस्त राख्ने गरि प्रचलनमा ल्याई रहेको छ। त्यसको साथ साथै सदस्यहरुको दैनिक कामकाजलाई सहज एव सर्बसुलभ बनाउनका लागि संस्थाले ज्योती रेमिट, आई एमई सेवा र ई सेवा सञ्चालन गरिरहेको छ। अहिले यी सेवाहरुबाट सदस्यहरुले पैसा पठाउने र झिक्ने, विद्युत महशुल तिर्ने, हवाई जहाजको टिक काट्ने, मोवाइलमा पैसा पठाउने आदि सेवा पाईरहेका छन्। संस्थाले निकट भविष्यमा नै चेकबुक, मोवाईल बैंकिङ, वित्तीय साक्षरता लगायत सदस्य मैत्री डिजिटल प्रविधि र डिजिटल **Platform** मार्फत सदस्यहरुलाई सेवा तथा सूचना प्रवाह गर्ने सोच राखेको छ। साथै संस्थाले भविष्यमा सूचना प्रविधिमा समयानुकुल सुधार तथा विकास गर्दै लाने लक्ष्य पनि राखेको छ।

**ख) आन्तरिक कार्यविधि निमार्ण र कार्यान्वयन:**

संस्थाले नियमीत कामकाज सरल र प्रशासनलाई सुब्यवस्थित तरिकाले सञ्चालन गर्नको लागि तपसीलका

विभिन्न आन्तरिक कार्यविधिहरु निमार्ण गरि लागु गरि रहेको छ।

- प्रशासनिक नियमावली २०७४
- परोपकार कोष सञ्चालन नियमावली २०७७
- बचत तथा ऋण नियमावली २०७८
- सदस्य परिचालन नियमावली २०७८
- विद्यालय सञ्चालन विनियम २०७२
- गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्र सञ्चालन कार्यविधि २०७८

**ग) विभिन्न उपसमितिहरू :**

- ऋण उप-समिति
- कार्यक्रम व्यवस्थापन समिति
- कर्मचारी पदपूर्ती समिति
- कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति
- गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्र समिति
- विद्यालय व्यवस्थापन समिति

**घ) संस्थाको स्थिर सम्पती विवरण**

| सामानको नाम | कोड नं. | परिमाण | बर्तमान मूल्य |
|---|---|---|---|
| **जग्गा** | | | ३८,४१,५३०।०० |
| **फर्निचर अफिस समान** | | | |
| अफिस टेवुल सादा | MF/G 005 | १ | ३,११४।६२ |
| अफिस टेवुल सादा | MF/G 006 | १ | ५३३।९४ |
| अफिस दराज | MF/G 001 | १ | ४,४४९।४७ |
| अफिस आइरन Rack | MF/G 001 | १ | ६,२२९।२५ |
| अफिस आइरन Rack | MF/G 002 | १ | ६,२२८।९४ |
| कुर्सी प्लाष्टिक | MF/G 001-0020 | २० | ४,२७१।४८ |
| काठको कुर्सी | MF/G 001 – 005 | ५ | ५,३३९।३६ |
| **जम्मा** | | | ३०,१६७।०५ |
| **समान खरिद** | | | |
| ग्याँस सिलिण्डर र स्टोभ | G 001 | १ | ३,१७५।३७ |
| समान खरिद जम्मा | | | ३,१७५।३७ |
| राउटर | G 001 | | ४,५२५।८० |
| भान्छा तथा अफिस घर रावतगाउ | Gurababa | | १,४७,०१८।३८ |
| **गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्र पर्खाल** | Gurababa | | १,६८,५८७।१९ |
| **गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्र** | Gurababa | | ७,३०,७९९।७७ |
| मोवाइल सेट | | १ | १,८४२।३८ |
| सेफ | | १ | ३०,९६७।२५ |

| | | | |
|---|---|---|---|
| प्रोजेक्टर | | १ | ३२,५१२।५० |
| तालिम हल निमार्ण | | १ | २,७१,०१७।९५ |
| इन्टरनेट सेवा | | १ | २७,५४३।७५ |
| कोपास सप्टवेयर | | १ | ४८,७५०।०० |
| ल्यापटप कम्प्यूटर डाटा ब्याक अप सहित | | १ | ४४,५२२।८३ |
| **जम्मा** | | | ५३,८२,९६०।२१ |

ङ) **लेखा परिक्षक नियूक्ती** : सहकारीको आ.व. २०७९/०८० को हरहिसावहरु लेखा परिक्षण गर्नका लागि बासुदेव एण्ड एसोशियट रजिष्टर्ड अडिटर्स, दंगीशरण गा.पा. ३ लाई नियूक्तिको लागि सिफारिस गरिएको छ।

## ४. नेतृत्व विकास

**क) क्षमता अभिबृद्धि तथा सिकाइ आदानप्रदान कार्यक्रम**

सहकारी सस्थाका विभिन्न समितिका पदाधिकारीहरु, कर्मचारीहरु र सदस्यहरुको नेतृत्व क्षमता तथा सीप विकास गर्नका लागि सहकारीले बर्ष भरिमा ४ पटक नेतृत्व र वित्तिय साक्षरता सम्बन्धि क्षमता विकास तालिम सञ्चालन गरेको थियो ।

ख) **मानव संसाधन** : २०७९ मंसीर मसान्त सम्म संस्थामा कूल २३ जना (१० महिला, १३ पुरुष) कर्मचारी कार्यरत रहेका छन् । उहाँहरुको सीप तथा क्षमता अभिबृद्धिका लागि नेतृत्व विकास, सामाजिक परिचालन, सहजिकरण जस्ता तालिम तथा गोष्ठी सञ्चालन गर्नुको साथै अध्ययन अवलोकन भ्रमण पनि आयोजना गरिएको थियो । यसलाई आगामी दिनमा पनि निरन्तरता दिईने योजना रहेको छ ।

**ग) पुरस्कार तथा सम्मान:**

सहकारीले प्रत्येक बर्ष उत्कृष्ट बचतकर्ताहरु र व्यवसायीहरुलाई सम्मान गरे झै उत्कृष्ट पदाधिकारीहरु र कर्मचारीहरुलाई पनि पुरस्कृत तथा सम्मानीत गर्दै आइरहेको छ । यस वर्ष उत्कृष्ट कर्मचारीको तर्फ बाट वरिष्ठ फिल्ड निरक्षक श्री देवेन्द्र चौधरी र पदाधिकारीको तर्फबाट लेखा सुपरिवेक्षण समिति सदस्य श्री पारस चौधरीलाई सम्मान गरियो ।

**आदरणीय शेयर सदस्य ज्यूहरू**

सहकारीले आर्थिक वर्ष २०७९/०८० को लागि प्रस्तावित गरेका वार्षिक कार्यक्रमको लक्ष्य र रणनितिहरू निम्नानुसार रहेको म प्रस्तुतीकरण गर्न चाहन्छु ।

**कार्यक्रम १ : आर्थिक विकास**

**लक्ष्य** : शेयर संख्या ७५०० शेयर पूँजी ४५,८३,२५० बचत १०,२०,२४,६५१ कुल वासलत १३,१२,४४,६०१ पुऱ्याईने छ ।

**रणनिति** :

१) प्रत्येक गाउँ स्तरिय संस्थाका फोकल व्यक्ति (Embassador), कर्मचारी तथा समितिका पदाधिकारीहरु लाई संस्थाको बारेमा अभिमुखिकरण गरिने छ ।

२) उत्कृष्ट समुह, ऋणी तथा बचकर्ता सदस्यहरुलाई सम्मान गरिने छ ।

३) सवै सदस्यहरुलाई न्युनतम औषत शेयर रकम पुऱ्याउनको लागि प्रोत्साहन गर्ने र शेयर थप गर्न सक्ने सम्भावित सदस्यहरुको पहिचान गरि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४) सबै सदस्यहरुलाई न्युनतम औषत मासिक बचत रकम र न्युनतम बचत दर बृद्धि गर्नका लागि प्रोत्साहन गरिने छ। साथै बचत थप गर्न सक्ने सम्भावित सदस्यहरुको पहिचान गरि विशेष कार्यक्रम सञ्चालन गरिने छ।

५) एक सदस्य तीन बचत योजना अभियान कार्यक्रम सञ्चालन गरि बचत बृद्धि गरिने छ।

६) संस्थाको कार्यक्षेत्रमा सर्वेक्षण गरि नयाँ सदस्य बन्न बाँकी रहेका नागरिकहरुलाई सदस्य बन्नका लागि नयाँ विशेष कार्यक्रम सञ्चालन गरिने छ।

७) संस्थाको कार्यक्षेत्र भित्र रहेका बरघर, अगुवा, महतावा र स्वास्थ्य स्वंसेविका बिच समन्वय गरि सदस्यता बृद्धि गरिनेछ।

८) बचत योजना निस्कृय रहेका बचत कर्ता सदस्यहरुलाई सक्रिय बनाईने छ।

९) सञ्चालक समिति, विभिन्न समिति तथा कर्मचारीहरुका लागि वार्षिक लक्ष्य निर्धारण गरि सदस्यता बृद्धि गर्ने जिम्मेवारी अनिबार्य गरिने छ।

१०) विभिन्न उत्सव चाडपर्वको अवसरमा विशेष बृद्धि बचत योजनाहरु सञ्चालन गरिने छ।

११) टोल भेला, घर दैलो र **Know Your Member** कार्यक्रमहरु सञ्चालन गरिने छ र प्रत्येक घर परिवारलाई संस्थामा आवद्ध गरि सम्पूर्ण सहकारी सदस्य भएको गाउँ घोषणा गरिने छ।

**कार्यक्रम २ : सदस्यको सेवा तथा क्षमता विकास**

**लक्ष्य** : सदस्य केन्द्रित कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ, ७५% पूँजीलाई व्यवसाय केन्द्रित गरिने, कम्तीमा नयाँ थप ६५० जनालाई ऋण लगानी र १०० जना सदस्यको व्यावसायिक स्थलगत परियोजना तथा ऋण अनुगन गरिनेछ र कम्तिमा ७५% सदस्यलाई नियमित किस्ता तिर्न सक्ने बनाईने छ।

**रणनितिः**

१) पशुपन्छी तथा कृषि स्रोत केन्द्र ब्यवस्थित र प्रभावकारी बनाइने छ।

२) सहकारीद्वारा सञ्चालित विद्यालयलाई ब्यवस्थित र प्रभावकारी बनाउँदै कक्षा ८ सम्म को पठनपाठन शुरु गरिनेछ।

३) वीउ स्रोत केन्द्र स्थापना गरि सञ्चालन गरिने छ।

४) रासायनिक मल विक्री वितरण गरिने छ।

५) सदस्यहरुको नेतृत्व विकास, व्यवसाय विकास तथा प्रवर्द्धन गरि आयआर्जन बृद्धि गर्नका लागि छोटो अवधिका व्यवसाय विकास सम्बन्धि प्राबिधिक तालिमहरु सञ्चालन गरिने छ।

६) विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरुसंग सहकार्य गरि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

७) जेष्ठ नागरिक सदस्य सम्मान, उत्कृष्ट विद्यार्थीहरुका लागि गुरबाबा मेधावी छाबवृत्ती, स्वास्थ्य जाँच शिविर, नैतिक शिक्षा र आचरण विकास र मनोपरामर्श गोष्ठी, अगुवा कृषक सदस्यहरुका लागि अध्ययन अबलोकन भ्रमण, भाषा, कला, संस्कृति संरक्षण तथा प्रबर्धन गोष्ठी सञ्चालन गरिने छ।

८) तोकिएको समयमा किस्ता बुझाउने उत्कृष्ट सदस्यहरूलाई सम्मान गरिने छ।

९) नियमित किस्ता बुझाउने सदस्यले पुनः ऋण माग गरेको अवस्थामा लगानीको लागि पहिलो प्राथमिकतामा राखिने छ।

१०) उत्पादन, प्रशोधन र बजारीकरण साथै धेरै रोजगारी श्रृजना गर्ने परियोजनालाई विशेष प्राथमिकता राखि

लगानी गरिने छ।

११) कुनै पनि कारणबाट सदस्य वा सदस्यको घरपरिवारका सदस्यहरु विरामी परेमा औषधी उपचार ऋण बढीमा रु ३०,००० (अक्षरुपी तीस हजार बढिमा ६ महिना अविधिका लागि सहुलियत ब्याजदरमा आबश्यक प्रक्रिया पुरा गरि तत्कालै उपलब्ध गराइने छ।

१२) ऋण कार्यविधि अनुसार खराब ऋणको सुचिमा भएका सदस्यहरुलाई पुनः लगानी गर्दा भाखा नाघेको अवधि बराबरको थप समय सम्मलाई अयोग्य ठानीने गरि ऋणको योग्यता कायम गरिने छ।

१३) व्यवसायिक ऋण लिई सदुपयोग गर्ने उत्कृष्ट ऋणीहरू मध्ये प्रत्येक ऋणको प्रकारमा १/१ जनालाई पुरस्कृत गरिने छ।

१४) आबश्यकता अनुसार सेवा केन्द्रहरु थप गरि सञ्चालन गरिने छ।

१५) प्रत्येक बर्ष **SEE** मा सबैभन्दा बढि **GPA** ल्याउने शेयर सदस्यहरुका छोराछोरीहरु मध्ये १ जना छात्र र १ जना छात्रालाई उत्कृष्ट छनोट गरि सम्मान गरिने छ।

**कार्यक्रम ३ : संस्थागत व्यवस्थापन तथा सुदृढिकरण**

**लक्ष्य** : कम्तीमा ३ वटा कार्यविधिहरु निमार्ण गरिनेछ, बर्षको २ पटक **SWOT** विश्लेषण र **PEARLS** विश्लेषण गोष्ठी र बार्षिक योजना निमार्ण गोष्ठी १ पटक सञ्चालन गरिनेछ, क्यालेण्डर ६००० सेट, व्रोसर ३००० सेट, बार्षिक प्रगती प्रतिवेदन ७००० थान छपाईने छ।

**रणनिति**:

१) विभिन्न कार्यविधिहरु निमार्ण गरि अक्षरस पालना गर्न अनिवार्य बनाइने छ।

२) प्रत्येक बर्ष पौष मसान्त र असार मसान्तमा सहकारी को **SWOT** विश्लेषण र **PEARLS** विश्लेषण गोष्ठी र प्रत्येक असार महिनाको पहिलो सातामा बार्षिक योजना निमार्ण गोष्ठी सञ्चालन गरिने छ।

३) संस्थाबाट सञ्चालित प्रत्येक परियोजनाहरुको ३/३ महिनामा अनुगमन तथा मूल्याकन गरिने छ।

४) सहकारीको सञ्चालक समिति र कर्मचारी बैठक मासिकरुपमा, लेखा सुपरिवेक्षण समितिको त्रैमासीक रुपमा ऋण उप समिति को साप्ताहिक रुपमा, कार्यक्रम अनुगमन समिति र स्रोत केन्द्र व्यवस्थापन समितिको बैठक त्रैमासिक रुपमा सञ्चालन गरिने छ।

५) सहकारीको सफ्टवयरको गुणस्तरमा थप बृद्धि गरि सबै किसिमका वित्तिय सेवा दिन सक्ने बनाइने छ।

६) सहकारी को वेवसाइत र फेसबुक पेजलाई निमार्ण गरि प्रभावकारी एंव व्यवस्थित गरिनेछ।

७) मोबाइल म्यासेजबाट सदस्यहरुले सूचना जानकारी पाउन सक्ने प्रविधि विकास गरिनेछ।

८) सहकारीको सूचनाहरुको जानकारी सहजै प्राप्त गर्नका लागि नागरिक वडा पत्रको स्थापनाको साथै गुनासो तथा सल्लाह सुनुवाई गर्ने ब्यक्ति राखिने छ ।

९) सहकारीको कार्यालय तथा आफ्नै जग्गा र भाडामा लिएको जग्गालाई व्यवस्थित गर्ने उद्देश्य अनुसार कप्पाउण्ड, पार्किङ तथा तारबार गरिने छ।

**कार्यक्रम ४ : नेतृत्व विकास**

**लक्ष्य** : क्षमता अभिबृद्धि तालिम - २ वटा, अध्ययन तथा अनुसन्धान भ्रमण - १ वटा, नेतृत्व तथा उत्प्रेरणा विकास तालिम - १ वटा, सिकाई आदान प्रदान गोष्ठी - २ वटा, बाह्य तालिम तथा गोष्ठी - १२ वटा, सूचना प्रविधि -२ वटा व्यवस्था गरिने छ।

**रणनिति :**

१) विभिन्न निकायहरुबाट हुने सभा सम्मेलन तालिम गोष्ठी र अन्य कार्यक्रमहरुमा सञ्चालक समिति, उप-समिति तथा कर्मचारीहरुलाई सहभागी गराइनेछ।

२) सहकारी भित्र आवश्यक प्रशिक्षकको तयारी गरि नियमित रुपमा आवश्यकता अनुसार तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

३) सबै किसिमका तालिमहरुको पाठ्यक्रम तथा तालिम सामग्रीको निर्माण गरि तालिम शिक्षाको आन्तरिक व्यवस्थापन गरिने छ।

४) आवश्यक तालिम सामग्री र सुविधाजनक भौतिक व्यवस्थापन सहित तालिम कक्षलाई थप व्यवस्थित गरिने छ।

५) विभिन्न सरकारी, गैरसरकारी तथा सहकारी संघ, महासंघको संयुक्त साझेदारीमा तालिम, गोष्ठी र अन्तरक्रिया सञ्चालन गरिने छ।

६) संस्थामा सबै कर्मचारीहरुको सुरक्षाका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध भई श्रम ऐन तथा सामाजिक सुरक्षा ऐन अनुसार  सामाजिक सुरक्षाकोषमा रकम जम्मा गरिने छ।

७) कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन आधारमा कर्मचारीहरुको बृद्धि विकासको लागि विभिन्न क्षमता विकासका तालिमहरू सञ्चालन गरिनेछ।

८) कर्मचारीको कार्यस्थलमा हुनसक्ने जोखिम र स्वास्थ्य सुरक्षाको लागि आवश्यक प्रबन्ध गरिने छ।

९) संस्थाको वित्तिय अवस्थाको विश्लेषण गरी उपयुक्त देखिएमा संस्थाको क्षमता विकास र रकम स्थानन्तरणलाई व्यवस्थित गर्न एउटा गाडी खरिद गरिने छ।

१०) पदाधिकारीहरु तथा कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि तालिम, अध्ययन अवलोकन भ्रमण कार्यक्रम, कर्मचारी तथा पदाधिकारीहरुको लागि नेतृत्व तथा उत्प्रेरणा विकास तालिम तथा सिकाइ आदान प्रदान गोष्ठीलाई निरन्तरता दिइने छ।

११) सहकारीमा नयाँ काम तथा ब्यबसाय सुरु गर्दा अध्ययन तथा अनुसन्धानको आधारमा गरिने छ।

११) उत्कृष्ट पदाधिकारी तथा कर्मचारी लाई सम्मानित र पुरस्कृष्ट गर्ने निरन्तरता दिइने छ।

१२) सहकारीमा अध्ययन corner विकास गरिनेछ।

**धन्यवाद ज्ञापन**

सहकारीको परिभाषालाई जिवन्त प्रदान गर्दै सहकारी मूल्य मान्यतालाई आत्मसात गर्दै एक सफल र सक्षम सहकारी संस्था स्थापनाका लागि निरन्तर सहयोग, प्रोत्साहन र मार्गदर्शन प्रदान गरि संस्थाको मनोवल उच्च राख्न सहयोग गर्नु हुने आदरणीय हाम्रा शेयरधनी महानुभावहरु, नेपाल सरकार कृषि तथा भूमी ब्यबस्था मन्त्रालय, सहकारी विभागका सम्वद्ध निकायहरु, विदेशी दातृ निकाय, प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सवै महानुभावहरुलाई हार्दिक आभार प्रकट गर्दछु। संस्थाको उत्तरोत्तर उन्नती र प्रगतीमा पुर्‍याउनुभएको योगदानका लागि ब्यबस्थापक लगायत सम्पूर्ण कर्मचारीहरु, अन्य सहयोगीहरु र संस्थाका गतिविधिहरुलाई सकारात्मक रुपमा जनसमुदाय समक्ष पुर्‍याउनु हुने संचारजगत र शुभेच्छुकहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

धन्यवाद, जय सहकारी जय गुरबाबा !!

**सञ्चालक समितिको तर्फबाट**
**सुकदेव चौधरी**
**अध्यक्ष**

# ५. २०७९ मंसीर मसान्त सम्मको बास्तविक कारोवार अवस्था तथा आ.व. २०७९/०८० को प्रस्तावित आय व्यय प्रतिवेदन

गुरबाबा बहुउद्देश्यीय सहकारी संस्थाको १०औं वार्षिक साधारण सभाका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथि ज्यूहरु, विभिन्न सरकारी एवं गैर सरकारी कार्यालयबाट पाल्नु भएका प्रमुख एवं प्रतिनीधि ज्यूरु, पत्रकार ज्युहरु, गुरबाबा बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारी ज्यूहरु, संस्थापक सदस्य ज्यूहरु, शेयर सदस्य ज्यूहरु, विभिन्न समुहबाट पाल्नु भएका अध्यक्ष एवं सदस्य ज्यूहरु, विभिन्न बचतकर्ता सदस्य ज्यूहरु लगायत सम्पूर्ण उपस्थित दाजुभाइ, दिदीबहिनीहरुमा नमस्कार गर्न चाहन्छु ।

संस्थाको आन्तरिक लेखा तथा आर्थिक व्यवस्थापनलाई पारदर्शि एवम् चुस्त-दुरुस्त बनाई दिगो वित्तिय व्यवस्थापन गर्न सहकारीको विधान र लागु गरिएका आन्तरिक कार्यविधिहरुको अधिनमा रहि आय-व्यय व्यवस्थापन गरि अन्तराष्ट्रिय मान्यता अनुरुपको लेखामानलाई अवलम्वन गरिएको छ । आ.व. २०७७/०७८ देखि आ.व. २०८१/०८२ सम्मको लागि प्रथम पञ्चवर्षिय रणनितिक योजना तयार गरि सोही योजनाले निर्दिष्ट गरेको दिशामा यस सहकारीको क्रियाकलापहरु सञ्चालन भईरहेको अवगत गराउँदै अव म संस्थाको सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षको हैसियतले संस्थाको २०७९ मंसीर मसान्त सम्मको आर्थिक कारोवार सहित आ.व २०७९/०८० को प्रस्तावित आर्थिक बजेट प्रस्तुत गर्न चाहन्छु ।

**वित्तीय स्रोत** : सहकारीमा सदस्यहरुको शेयरपूँजी, प्रवेश शुल्कबाट प्राप्त रकम, सदस्यहरुबाट संकलित हित कोष, वित्तीय निकायहरुबाट प्राप्त हुने ऋण, कारोवार बाट प्राप्त हुने खुद नाफा, दान दातव्यबाट प्राप्त हुने जिन्सी तथा नगद, सरकारी तथा गैर सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुबाट प्राप्त सहयोग तथा अनुदान, सदस्यहरुको विभिन्न प्रकारका बचत आदि सहकारीका वित्तीय स्रोतहरु रहने छन् ।

**सहकारीको २०७९ मंसीर मसान्त सम्म कारोवार अवस्था**

| व्यवसाय विवरण | कुल कारोवार (रु) |
|---|---|
| बचत तथा ऋण कारोवार | ७,१७,४६,६०० |
| गुरबाबा पशुपन्छी तथा कृषि स्रोत केन्द्र | ३,००,००,००० |
| गुरबाबा सहकारी स्कूल | १,८०,००,००० |
| मल कारोवार | ६४,५८,३९२ |
| वीउ विजन कारोवार | १,५३,४९,१२५ |
| खाद्य तथा तरकारी खरिद विक्री कारोवार | २०,००,००० |
| विभिन्न सरकारी तथा गैर सरकारी राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायसंग साझेदारीमा विभिन्न कार्यक्रमहरु | ६८,५८,४२२ |
| **जम्मा** | १५,०४,१२,५३९ |

**सभा अध्यक्ष महोदय,**

अव म आ.व २०७९/०८० को प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**पृष्ठभूमि :**

आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित वार्षिक बजेट तयार गर्दा प्रथम पञ्चवर्षीय रणनितिक योजना, वित्तिय स्रोत, जनशक्ति, सदस्यहरुको प्रकृति र आवश्यकता, देशको समग्र आर्थिक स्थिति, नेपाल सरकारले तय गरेको आ.व. २०७९/०८० को बजेट र राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीति, कोभिड-१९ को कारण सदस्यमा परेको प्रभाव, साधारणसभाका निर्णय, सञ्चालक समितिको निर्देशन समेतलाई ध्यानमा राखि सदस्य सेवालाई केन्द्रबिन्दुमा राखेर तयार गरिएको छ। यस बजेटको कार्यान्वयनबाट सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणमा उल्लेख्य मद्दत पुग्ने अपेक्षा गरिएको छ।

**बजेट निर्माणका आधारहरू :**

